# प्रेस विज्ञप्ति- २९८

# Press Release- 298

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ ।
मिति: २०७८।०६।०५ गते ।

## लागू औषध बिदेश निर्यात गर्ने गिरोह चरेश, चरेश लुकाउन प्रयोग गरिने Handy Crafts का सामानहरु तथा सो बनाउन प्रयोग हुने औजार सहितको कारखानाबाट पक्राउ

- मिति २०७८।०५।२१ गते ११:०५ बजे Qatar Airways को उडान नं. QR 649 बाट दोहा जान लागेका जिल्ला म्याग्दी मंगला गा.पा. -३ ठेगाना भएका राहदानी नं. ०७१७४१७५ वाहक बर्ष ३६ का श्याम प्रसाद रोका र ऐ.ऐ. ठेगाना भएका राहदानी नं. १०३८६००० वाहक बर्ष ३५ का बिर बहादुर रोका मगरलाई ऐ. मितिको ८:३० बजेको समयमा त्रि.अ.वि. को प्रस्थान कक्षबाट **लागू औषध चरेस ४ के.जि. ३५ ग्राम** सहित पक्राउ गरी प्रारम्भिक अनुसन्धानका क्रममा उक्त लागू औषध चरेस कारोबारमा संलग्न जिल्ला म्याग्दी मंगला गा.पा. -३ ठेगाना भएका बर्ष ४४ को दिल बहादुर रोका, जिल्ला धादिङ गंगा जमुना गा.पा. -४ ठेगाना भएका बर्ष ३३ को अनिल बहादुर घले, ऐ.ऐ. ठेगाना भएका बर्ष २८ को सुन बहादुर गुरुङ, जिल्ला धादिङ खनियाबास गा.पा. -५ ठेगाना भएका बर्ष २८ को याङ्की भन्ने जित बहादुर तामाङ र ऐ.ऐ. ठेगाना भएका बर्ष ३६ को माईला भन्ने कृष्ण बहादुर तामाङ समेतलाई पक्राउ गरी थप अनुसन्धान गर्दै गरेको ।

- कतार पठाउन भनी उक्त बरामद लागू औषध चरेश दिने जिल्ला नुवाकोट बिदुर न.पा. -१३ ठेगाना भएका बर्ष ५२ को सेसे भन्ने उर्पा तामाङलाई का.जि.का.म.न.पा. -२६ सामाखुशीबाट पक्राउ गरी निजको डेराकोठा खानतलासी गर्दा ऊन बाट वनाईएका बिभिन्न रंगको हेन्डीक्राफ्ट थान -२३ र नेपाली कागजबाट बनेको बिभिन्न रंगको डायरी थान -१६ मा लुकाई छिपाई बिदेश पठाउन भनी तयारी अवस्थामा राखिएको लागू औषध चरेश ३ किलो ५७९ ग्राम, लागू औषध चरेशको पाता बनाउनको लागी प्रयोग गरिने औजारहरु, लुकाउन प्रयोग गरिने कार्टुन, गम,र्‍यापिङ टेप तथा हेन्डीक्राफ्ट लगायतका सामानहरु समेत बरामद गरी निजसँग उक्त लागू औषध चरेश कारोबारमा संलग्न जिल्ला नुवाकोट बिदुर न.पा. -९ ठेगाना भएका बर्ष ३४ को बिर बहादुर तामाङलाई मिति २०७८।०५।३० गते जिल्ला नुवाकोट बिदुर न.पा. वडा न. ९ बाट पक्राउ गरी अनुसन्धान भई रहेको ।
- निजहरु सेसे भन्ने उर्पा तामाङ र बिर बहादुर तामाङ मिली भारतीय नागरीक समेतको संलग्नतामा भारत हुदै हङकङ, थाईल्याण्ड, टर्की लगायतका देशहरुमा लागू औषध चरेश निकासी गर्दैआएको अनुसन्धानवाट खुल्न आएको ।
- निजहरुले पछिल्लो समय लागू औंषध Methamphetamine (ICE) को धन्दा समेत गर्ने तयारी गरिरहेको ।
- निज से से भन्ने उर्पा तामाङ २०५४ सालमा लागू औंषध हेरोईन सहित पक्राउ परी १९ बर्ष जेल सजाय भुक्तान गरी २०७३ सालमा रिहा भएको । जेल मुक्त भए पश्चात पनि पुनः लागू औषध कारोबारमा नै संलग्न रहेको । साथै निजले विदेश जाने व्यक्तिहरुका लागि विभिन्न तालिम सम्बन्धि नक्कली प्रमाणपत्रहरु बनाई बिक्रि बितरण समेत गर्ने गरेको ।


***निजहरुको सम्बन्धमा लागू औषध नियन्त्रण ऐन २०३३ अन्तरगत मुद्दा दर्ता गरी म्याद लिई  बिस्तृत अनुसन्धान कार्य भईरहेको ।***

**प्रवक्ता**
(जिवन कुमार श्रेष्ठ)
**प्रहरी उपरीक्षक**
सम्पर्क नं. ९८५११३२७४३


“Operation Hash”
7Kg. 614Gram.








लागू औषध नियन्त्रण ब्यूरो
GOVERNMENT OF NEPAL
MINISTRY OF HOME AFFAIRS
Narcotics Control Bureau


SUPER
FEVICOL
SH
SYNTHETIC
RESIN ADHESIVE


लागू औषध नियन्त्रण ब्यूरो
GOVERNMENT OF NEPAL
FOTON
Power